नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

वीरगंज, पर्सा

☎ ०५१-५२२१२४
०५१-५३१०६६
०५१-५२२११२
०५१-५२२०६६
Email: iro17@ird.gov.np


प.सं. २०८१/०८२ मितिः २०८१।११।०८

च.नं. ५५१६ 1145 सिल्लागा अष्टमी - 23

__विषयः आर्थिक विधेयक २०८१ ले प्रदान गरेको छुट सुविधा कार्यान्वयनमा सहजीकरण गरिदिने सम्बन्धमा।__

श्री ...पर्सागढी नगर...नगर/~~गाउँ~~पालीका,

...हरपुर...पर्सा।

प्रस्तुत विषयमा आर्थिक विधयेक, २०८१ ले देहाय बमोजिम छुट तथा सहुलियत (स्किम) हरु प्रदान गरेको र छुट सहुलियत लिने समय यहि __फागुन मसान्त सम्म__ मात्र रहेको छ:-

| क.स. | दफा | आर्थिक विधेयकको व्यवस्था | पूर्व शर्तहरु |
|---|---|---|---|
| १ | २२ | **करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्था:**<br>(१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत २०८१ साल फाल्गुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।<br>(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन। | • स्थायी लेखा नम्बर नलिएको व्यक्ति हुनु पर्ने।<br>• आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को आय विवरण र बुझाउनु पर्ने कर रकम बुझाउनु पर्ने।<br>• शुल्क तथा ब्याज मिनाहा हुने।<br>• सो आर्थिक वर्षभन्दा अघिका वर्षहरुका आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउन नपर्ने।<br>• अवधिः संवत २०८१ साल फाल्गुन मसान्त। |
| २ | २३ | **आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:**<br>स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चिस प्रतिशतले हुने रकम संवत २०८१ साल फाल्गुन मसान्त सम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ। | • स्थायी लेखा नम्बर लिएको हुनु पर्ने।<br>• आर्थिक वर्ष २०७९/८० सम्मको बुझाउनु पर्ने आय विवरण र बुझाउनु पर्ने कर रकम र ब्याज बापतको पच्चिस प्रतिशत रकम बुझाउनु पर्ने।<br>• शुल्क तथा पचहत्तर प्रतिशत ब्याज मिनाहा हुने।<br>• अवधिः संवत २०८१ साल फाल्गुन मसान्त। |
| ३ | २४ | **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:**<br>संवत २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत २०८१ साल फाल्गुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ। | • मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्ने।<br>• २०८० असार सम्मको बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र बुझाउनु पर्ने बाँकी कर रकम, ब्याज बापतको पचास प्रतिशत रकम बुझाउनु पर्ने।<br>• जरिवाना, थप दस्तुर र पचास प्रतिशत ब्याज मिनाहा हुने।<br>• अवधिः संवत २०८१ साल फाल्गुन मसान्त। |

सो सम्बन्धमा........................................नगरपालीका/गाउँपालीका भित्र संलग्न सूचीमा रहेका करदाताहरुले आय विवरण एवम् मूल्य अभिवृद्धि कर विवरण पेश नगरी आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली (ITS) मा ननफाइलर सूचीमा रहेको। साथै, कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए करको दायरामा आएमा छुट सुविधा समेत रहेको व्यहोरा सुसूचित गराउने कार्यमा देहाय अनुसार सहजीकरण गरिदिनुहुन अनुरोध छ।

__देहायः-__

क) उल्लेखित छुट सहुलियतको संलग्न सूची तहाँ नगर/गाउँ कार्यपालिकाको कार्यालयमा सबैले देख्ने स्थानमा टाँस गरी सम्बन्धित करदाताहरुलाई समेत जानकारी गराईदिनुहुन।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
वीरगंज, पर्सा

☎ ०५१-५२२१२४
०५१-५३१०६६
०५१-५२२११२
०५१-५२२०६६
Email: iro17@ird.gov.np

ख) आय विवरण तथा मू.अ.कर विवरण पेश गरे ? नगरेको ? एकिन गरी तहाँ पालिकामा नवीकरण/खारेजी/सिफारिस हुने व्यवस्था मिलाई विवरण दाखिला गराउने कार्यमा सहयोग गरिदिनुहुन।

ग) कार्यालयबाट सेवा प्रवाह गर्दा आय विवरण र मू.अ.कर विवरण पेश नगर्ने Non-Filer Taxpayer, लाई विवरण पेश गराउने तर्फ आवश्यक सहजीकरण गरिदिनुहुन। *(विवरण पेश गर्ने/नगर्ने करदाताको जानकारी यहाँबाट थाहा पाउन सकिन्छ,* https://ird.gov.np/pan-search

घ) प्राप्त सूची सम्बन्धित सबै वडा कार्यालयहरुमा समेत पठाई अभियान नै सञ्चालन गर्न निर्देशन दिनुहुन र आर्थिक विधेयक २०८१ ले प्रदान गरेको लाभ लिई आय विवरण/कर विवरण पेश गर्न लगाई राजस्व संकलनको कार्यमा आवश्यक सहयोग गरिदिनुहुन।

ङ) निर्धारित समय सीमाभित्र आय विवरण र मू.अ.कर विवरण पेश नगर्ने र आन्तरिक राजस्व कार्यालयमा दर्ता नभई कारोबार गरेको त्यस्ता करदाताहरु उपर कानुन बमोजिम थप छानबिनको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइदिनुहुन।

च) संलग्न सूचीको विद्युतीय (excel sheet तहाँ पालिकाको इमेल ठेगानामा समेत पठाइएको छ। साथै, कार्यालयबाट आर्थिक विधेयक, २०८१ ले प्रदान गरेको छुट-सहुलियतको प्रचार-प्रसार गर्न कर शिक्षा एवम् शिविर सञ्चालन गर्न आउनु भएका कर्मचारीहरुलाई समेत सम्बन्धित पालिकाबाट आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ।

०८१/११/०४

.............................
प्रमुख कर अधिकृत
टिकाराज चौलागाई

प्रमुख कर अधिकृत